# पर्यटन नीति, २०८२

# विषय-सूची


| | |
|---|---|
| परिच्छेद १: परिचय | १ |
| १.१. पृष्ठभूमि | १ |
| १.१.१. विगतका प्रयासहरू | १ |
| १.१.२. वर्तमान स्थिति | १ |
| १.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता | २ |
| १.२.१. समस्या | २ |
| १.२.२.चुनौती | २ |
| १.२.३.नयाँ नीतिको आवश्यकता | २ |
| परिच्छेद २: नीति संरचना | ३ |
| २.१. दूरदृष्टि (Vision) | ३ |
| २.२. ध्येय (Mission) | ३ |
| २.३. लक्ष्य (Goal) | ३ |
| २.४. उद्देश्यहरू (Objective) | ३ |
| २.५.नीतिहरू (Policy) | ३ |
| २.६. रणनीतिहरू: | ४ |
| २.७. कार्यनीतिहरू: | ५ |
| परिच्छेद ३: नीति कार्यान्वयन | १२ |
| ३.१. संस्थागत व्यवस्था | १२ |
| ३.१.१. राष्ट्रिय पर्यटन परिषद्, | १२ |
| ३.२. कानूनी व्यवस्था | १२ |
| ३.३. वित्तीय व्यवस्था | १३ |
| ३.४. नीति समन्वय र सामञ्जस्यता | १३ |
| ३.५. जोखिम पहिचान र व्यवस्थापन | १४ |
| ३.५.१. सम्भावित जोखिम | १४ |
| ३.५.२. जोखिम व्यवस्थापन | १४ |
| ३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पूनरावलोकन | १४ |
| ३.७. नीति कार्यान्वयन कार्ययोजना | १४ |
| ३.८. खारेजी र बचाउ | १४ |
| अनुसूची -१ राष्ट्रिय पर्यटन परिषद् | १५ |
| अनुसूची -२ नीति कार्यान्वयन कार्ययोजना | १६ |

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

मनोरम प्रकृति, अनुपम एवं उत्कृष्ट संस्कृति, भौगोलिक विविधता, आतिथ्यतापूर्ण संस्कार र व्यवहार, विशिष्ट रहनसहन, भेषभुषा र खानपान, सहिष्णुता र सद्भाव, ऐतिहासिक वैभव, सामाजिक तथा सांस्कृतिक विविधताबिचको एकता लगायतका मौलिक पहिचानका कारण नेपाल विश्वका सबै रुचि र उमेर समूहका पर्यटकका लागि बाह्रै महिना अद्वितीय पर्यटकीय गन्तव्यको रूपमा स्थापित छ।

पर्यटन विकासका विविध सम्भावनालाई उपयोग गर्दै नेपाललाई विश्व समुदायमा एक आकर्षक पर्यटकीय स्थलको रूपमा स्थापित गर्दै पर्यटन क्षेत्रलाई नेपालको आर्थिक विकासको आधारस्तम्भको रूपमा विकास र विस्तार गर्नु आजको प्राथमिकता रहेको छ।

### १.१.१. विगतका प्रयासहरू

सर्वप्रथम सन् १९५६ मा फ्रान्स सरकारको प्राविधिक सहयोगमा तर्जुमा गरिएको पर्यटन योजनालाई नेपालको क्षेत्रगत योजनाको पहिलो फड्कोको रूपमा लिइन्छ। त्यसपछि सन् १९७२ मा आएको पर्यटन गुरुयोजनाले यस क्षेत्रलाई टेवा पुऱ्याएको पाइन्छ। विसं. २०३५ मा जारी भएको पर्यटन ऐनले यस क्षेत्रलाई थप व्यवस्थित बनाएको थियो। पर्यटन नीति, २०५२; पर्यटन नीति, २०६५; नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (सन् २०१६-२०२५) ले पर्यटनको विकासलाई थप व्यवस्थित गर्दै आएका छन्। नेपालको आवधिक योजनाको सुरुवातदेखि नै पर्यटन क्षेत्रले प्राथमिकता पाउँदै आएको देखिन्छ। संस्थागत विकासका रूपमा पर्यटन मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण, पर्यटन सूचना केन्द्र लगायतका संस्थाहरू स्थापना भएका छन्।

पर्यटन नीति, २०६५ ले निर्धारण गरेका १६ वटा नीतिमध्ये २ वटा नीति पूरा कार्यान्वयन भएका, ३ वटा नीति ६० देखि ६५ प्रतिशत कार्यान्वयन भएका, ६ वटा नीति ३० देखि ४५ प्रतिशत कार्यान्वयन भएका, ४ वटा नीति २७ प्रतिशत भन्दा कम कार्यान्वयन भएका तथा १ वटा नीतिको कार्यान्वयन शून्य रहेको भनी राष्ट्रिय योजना आयोगले २०७७ सालमा सार्वजनिक गरेको पर्यटन नीति पुनरावलोकन अध्ययन प्रतिवेदनले औंल्याएको पाइन्छ। नीतिभित्रकै अन्तर (Intra-Policy Gap), अन्तरनीति अन्तर (Inter-Policy Gap), कार्यान्वयन अवधिका अनपेक्षित घटना (भुकम्प, नाकाबन्दी, कोभिड महामारी), कार्यान्वयन कार्ययोजनाको अभाव, अनुगमन मूल्याङ्कनको अभाव लगायतका कारणले उक्त नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन।

### १.१.२. वर्तमान स्थिति

नेपाल सरकारले विगतदेखि नै निजी क्षेत्रलाई नेतृत्वदायी भूमिका प्रदान गरी पर्यटन पूर्वाधार विकास, नीतिगत सहजीकरण, अनुगमन तथा नियमनलगायतका क्षेत्रमा आफूलाई केन्द्रित गर्दै आएको छ। पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीमा बढोत्तरी भइ विश्वस्तरका ठुला

चेन होटेलहरू थपिएका छन्। यसैगरी ट्राभलस एण्ड टुर्स सेवा, साहसिक पर्यटन क्षेत्र, हवाई सेवा लगायतमा समेत निजी क्षेत्रबाट प्रशस्त लगानी भएको देखिन्छ। नेपालीहरूको क्रयशक्तिमा भएको सुधार, नयाँ गन्तव्यको खोजी र भ्रमण गर्ने बढ्दो प्रवृत्तिसँगै ग्रामीण पर्यटकीय गतिविधिमा पनि उल्लेखनीय विस्तार भएको देखिन्छ। कोभिड महामारीलगायत अन्य प्राकृतिक प्रकोपबाट शिथिल पर्यटन उद्योगलाई लयमा ल्याउन क्षतिग्रस्त सम्पदा तथा अन्य भौतिक संरचनाको पुनर्निमाण गरिनुका साथै नीतिगत सहजीकरणका कार्यक्रममार्फत पर्यटन क्षेत्रलाई पुनरुत्थान गरिँदै आएको छ। आन्तरिक तथा बाह्य पर्यटनका क्षेत्रमा देखिएका सम्भावना र अवसरलाई सहभागितामूलक तरिकाले उपयोग गरी पर्यटन क्षेत्रको लाभलाई समुदायस्तरसम्म समानुपातिक रूपमा वितरण गर्नुपर्ने अवस्था छ।

## १.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता

### १.२.१. समस्या

पर्यटकीय वस्तु (Tourism Product) को विविधीकरण, विस्तार र पर्यटकीय स्थलको पर्याप्त विकास हुन नसक्नु; गुणस्तरीय र सुविधाजनक पूर्वाधारको कमी; पर्यटकीय वस्तुहरूको प्रचारप्रसार प्रभावकारी नहुनु; पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउन नसक्नु; पर्यटन संस्कृतिको विकास र विस्तार गर्न नसक्नु; पर्यटकले प्राप्त गर्ने सेवालाई प्रविधिमैत्री बनाउन नसक्नु; अन्तरतह तथा अन्तरनिकाय समन्वयको कमी हुनु; दक्ष जनशक्तिको कमी हुनु; विद्यमान कानुनी व्यवस्था समयानुकूल र पर्यटनमैत्री नहुनु जस्ता समस्याहरू रहेका छन्।

### १.२.२. चुनौती

कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउनु; पर्यटन क्षेत्रमा रोजगारी र स्वरोजगारीको अवसर वृद्धि गर्नु; गुणस्तरीय पर्यटन पूर्वाधार विकासमा लगानी आकर्षण गर्नु; गुणस्तरीय पर्यटक भित्र्याउनु; पर्यटकले प्रयोग गर्ने स्थानीय वस्तु (Local Product) तथा सामाग्रीको गुणस्तर प्रमाणीकरण गर्नु; पर्यटकको सुरक्षा, खोज तथा उद्धारलाई प्रभावकारी बनाउनु; स्थलमार्गबाट भित्रिने पर्यटकका साथै आन्तरिक पर्यटकको समेत अभिलेखीकरण गर्नु; पर्यटकीय गतिविधिलाई जलवायु अनुकूलन बनाउनु; अन्तर्राष्ट्रिय हवाई सेवा विस्तार गर्नु; अन्तर्राष्ट्रिय बजारमा नेपाललाई प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा स्थापित गर्नु; पर्यटन क्षेत्रको शासकीय दक्षता सुधार गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

### १.२.३. नयाँ नीतिको आवश्यकता

संविधानतः पर्यटनसम्बन्धी विषय तीनै तहका सरकारको अधिकारक्षेत्रमा रहेको सन्दर्भमा साविकको नीतिलाई परिवर्तीत शासकीय व्यवस्था अनुकूल बनाइ अन्तरतह तथा अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउन; गुणस्तरीय र सुविधाजनक पूर्वाधारको विकास गर्न; पर्यटकीय वस्तुको विविधीकरण र विस्तार गर्न; नेपालको तुलनात्मक लाभका पर्यटकीय वस्तुहरूको प्रचारप्रसारलाई प्रभावकारी बनाउन; पर्यटकीय गतिविधिलाई दिगो, समतामूलक र वातावरणमैत्री बनाउन; पर्यटन संस्कृतिको विकास र विस्तार गर्न; पर्यटन क्षेत्रको विकासमार्फत रोजगारीका थप अवसर सिर्जना गर्न; आन्तरिक र वैदेशिक लगानी आकर्षण गर्न; पर्यटकको रुचि र पर्यटकीय प्रविधिमा आएको परिवर्तन सम्बोधन गर्न; पर्यटकीय क्षेत्रमा

आएका नयाँ आयामहरू जस्तै- अध्यात्म, खेल, स्वास्थ्य, शिक्षालगायतका नयाँ क्षेत्रहरूलाई सम्बोधन गर्न; पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिकालाई प्रवर्धन तथा प्रोत्साहन गर्दै नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन र आर्थिक समृद्धिको आधारशिला तयार गर्न साविकको नीतिलाई प्रतिस्थापन गरी नयाँ पर्यटन नीति तर्जुमा गरिएको हो।

## परिच्छेद २: नीति संरचना

### २.१. दूरदृष्टि (Vision)

"अद्वितीय पर्यटकीय गन्तव्य नेपाल"

### २.२. ध्येय (Mission)

नेपाललाई आकर्षक, जीवनपर्यन्त अनुभव (Lifetime Experience), सुरक्षित एवं भरपर्दो र दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने।

### २.३. लक्ष्य (Goal)

राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि गर्ने।

### २.४. उद्देश्यहरू (Objectives)

१. पर्यटकीय वस्तुको पहिचान, विकास, प्रवर्धन र विविधीकरण गर्नु।
२. गुणस्तरीय र सुरक्षित पर्यटन पूर्वाधार तथा सेवाको विकास गर्नु।
३. दिगो र उत्थानशील पर्यटन विकास गर्नु।
४. पर्यटन क्षेत्रमा शासकीय दक्षता सुधार गर्नु।
५. पर्यटन प्रवर्धनमार्फत रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी समावेशी आर्थिक विकासमा योगदान पुऱ्याउनु।

### २.५. नीतिहरू (Policy)

२.५.१. नेपालको भौगोलिक, प्राकृतिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई उपयोग गर्दै उदीयमान एवं विद्यमान पर्यटकीय वस्तु तथा गन्तव्यको पहिचान, विकास, विस्तार र विविधीकरण गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित नीति)

२.५.२. उपयुक्त प्रविधि र माध्यमको उपयोग गरी पर्यटकीय वस्तुहरूको प्रचारप्रसारका साथै प्रवर्धनात्मक गतिविधि सञ्चालन गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित नीति)

२.५.३. गुणस्तरीय एवं बहुपक्षीय पूर्वाधार विकासका लागि सार्वजनिक, निजी तथा वैदेशिक लगानी प्रवर्धन गरिनेछ। पर्यटन सेवामा पहुँच वृद्धि गर्न हवाइ सेवालाई थप सुरक्षित, व्यवस्थित र नियमित बनाइ पर्यटन स्रोतबजारमा सेवा विस्तार गरिनेछ। (उद्देश्य २ सँग सम्बन्धित नीति)

२.५.४. पर्यटकीय गतिविधिलाई वातावरणमैत्री, समतामुलक, जिम्मेवार बनाउदै पर्यापर्यटनको विकास तथा प्रवर्धन गरिनेछ। (उद्देश्य ३ सँग सम्बन्धित नीति)

२.५.५. पर्यटन सम्बद्ध कानून र नीतिलाई समयानुकूल बनाउदै संस्थागत समन्वय र क्षमता विकासमा जोड दिइनेछ। (उद्देश्य ४ सँग सम्वन्धित नीति)

२.५.६. पर्यटन व्यवसायबाट रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्दै पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ। (उद्देश्य ५ सँग सम्बन्धित नीति)

## २.६. रणनीतिहरू

नीति २.५.१. सँग सम्बन्धित

२.६.१. सम्भावित र उदीयमान पर्यटकीय क्षेत्रको अन्वेषण तथा अध्ययनअनुसन्धान गर्ने।

२.६.२. विद्यमान पर्यटकीय वस्तुको स्तरोन्नति र विकास गर्ने।

२.६.३. पर्यटकीय गन्तव्य र वस्तुको विविधीकरण र विस्तार गर्ने।

नीति २.५.२. सँग सम्बन्धित

२.६.४. नेपालका पर्यटकीय वस्तुको सम्भाव्य स्रोत बजारमा प्रचारप्रसार गर्ने।

२.६.५. पर्यटन प्रवर्धनमा निजी क्षेत्र, नेपालका विदेशस्थित कूटनीतिक नियोगका साथै गैरआवासीय नेपाली आबद्ध सङ्घसंस्थासँग सहकार्य गर्ने।

२.६.६. पर्यटन क्षेत्रका अन्तर्राष्ट्रिय सेवाप्रदायकसँग सहकार्य गर्ने।

२.६.७. सरकार, निजी क्षेत्र, समुदाय र सरोकारवालाको समन्वय र सहकार्यमा आन्तरिक पर्यटन प्रवर्धन गर्ने।

नीति २.५.३. सँग सम्बन्धित

२.६.८. गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने।

२.६.९. पर्यटन सेवामा आन्तरिक र बाह्य पर्यटकको पहुँच अभिवृद्धि गर्ने।

२.६.१०. पर्यटन पूर्वाधार र सेवा विस्तारमा लगानी प्रवर्धन गर्ने।

नीति २.५.४. सँग सम्बन्धित

२.६.११. पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउने।

२.६.१२. विभिन्न पर्यटकीय गन्तव्यहरूमा हुने जोखिम न्यूनीकरण गर्ने।

२.६.१३. पर्यटनबाट प्राप्त लाभ समन्यायिक रूपमा वितरण गर्ने।

नीति २.५.५. सँग सम्बन्धित

२.६.१४. पर्यटन सेवाप्रवाह व्यवस्थापन प्रणालीलाई कुशल, प्रभावकारी र उत्तरदायी बनाउने।

२.६.१५. पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गर्ने।

२.६.१६. पर्यटन सेवा प्रवाह गर्ने सरकारी निकाय तथा निजी क्षेत्रका सेवाप्रदायकको संस्थागत क्षमता विकास गर्ने।

नीति २.५.६. सँग सम्बन्धित

२.६.१७. सङ्घ, प्रदेश र स्थानीय तहका नीति, कानून तथा योजनाहरूमा पर्यटन क्षेत्रलाई प्राथमिकता दिने।

२.६.१८. पर्यटन क्षेत्रमा उत्पादकत्व बढाइ प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने।

२.७. कार्यनीतिहरू

२.७.१. **रणनीति २.६.१. सँग सम्बन्धित (सम्भावित र उदीयमान पर्यटकीय क्षेत्रको अन्वेषण तथा अध्ययनअनुसन्धान गर्ने।)**

(क) स्थानीयस्तरमा उपलब्ध पर्यटकीय सम्भाव्यताका बस्तु तथा सेवाका बारेमा खोज, अध्ययन तथा अनुसन्धान गरिनेछ।

(ख) मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको खोज, अन्वेषण तथा संरक्षण गरिनेछ।

(ग) वैज्ञानिक तथा अन्य खोजमूलक अध्ययनअनुसन्धानका लागि आवश्यकतानुसार अन्तर्राष्ट्रिय अनुसन्धानकर्तालाई समेत प्रोत्साहन गरिनेछ।

(घ) पर्यटन क्षेत्रको अध्ययनअनुसन्धान तथा विकासका लागि स्वदेश तथा विदेशका विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूसँग सहकार्य गरिनेछ।

२.७.२. **रणनीति २.६.२. सँग सम्बन्धित (विद्यमान पर्यटकीय वस्तुको स्तरोन्नति र विकास गर्ने।)**

(क) प्रमुख पर्यटकीय गन्तव्यको वर्गीकरणसहितको बस्तुगत विवरण (Profile) तयार गरिनेछ।

(ख) स्थानीय खाना तथा पहिरन, रैथाने कृषि अभ्यास र लोककलाको व्यवसायीकरण गरिनेछ।

(ग) पदमार्गमा रहेका स्थानीय बस्तीमा होमस्टे सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

(घ) पर्यटक लक्षित चाडपर्व तथा जात्रालगायतका सांस्कृतिक तथा धार्मिक महोत्सवको आयोजना गरिनेछ।

(ङ) नेपाललाई खेल पर्यटन गन्तव्य, वैवाहिक समारोह गन्तव्य, हिमाल लक्षित पर्यटकीय क्रियाकलाप र ज्येष्ठ नागरिक बसोबास जस्ता गन्तव्यको रूपमा विकास गरिनेछ।

(च) ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र विकास गरिनेछ।

(छ) स्थानीय कला, संस्कृति र साहित्यको जगेर्ना गर्न प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरिनेछ।

२.७.३. रणनीति २.६.३. सँग सम्बन्धित (पर्यटकीय गन्तव्य र वस्तुको विविधीकरण र विस्तार गर्ने।)

(क) पर्वतारोहण, पदयात्रा, जलयात्रा (जस्तै क्यानोनिङ, ह्वाइट वाटर रिभर र्‍याफ्टिङ, जलक्रीडा, बोटिङ), स्काई डाइभिङ, वञ्जी जम्पिङ, प्याराग्लाइडिङ, उच्च हिमाली स्कीइङ, माउन्टेन बाइकिङ, हाई अल्टिच्यूड मोटरबाइक राइड, जिप फ्ल्याएर, रक क्लाइम्बिङ, स्काइ वाल्क जस्ता साहसिक पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।

(ख) परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (Wellness) पर्यटनको प्रवर्धन गर्न सम्बन्धित सङ्घसंस्थासँग सहकार्य गरिनेछ।

(ग) धार्मिक पर्यटकीय गन्तव्यहरूलाई परिपथको रूपमा विकास गरी पर्यटनको प्रवर्धन गरिनेछ।

(घ) शैक्षिक पर्यटनको प्रवर्धन गर्न विश्वविद्यालयहरूको क्षमता विकास गरी अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षित गरिनेछ।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाको गुणस्तर र क्षमता वृद्धि गरी स्वास्थ्य पर्यटनको प्रवर्धन गरिनेछ।

(च) मौलिक तथा रैथाने खानपानको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ।

(छ) अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनका लागि अन्तर्राष्ट्रियस्तरको स्टुडियो निर्माण गर्न प्रोत्साहित गरिनेछ।

(ज) बहुमौसमी पर्यटनको प्रवर्धन गर्न विभिन्न देशका पर्यटन उत्पादन र अनुभवलाई समेटेर क्षेत्रीय क्लष्टरहरूको विकास, पर्यटनको गुणस्तरमा वृद्धि, पर्यटकीय क्रियाकलाप र उत्पादनमा विविधीकरण गरिनेछ।

२.७.४. रणनीति २.६.४. सँग सम्बन्धित (नेपालका पर्यटकीय वस्तुको सम्भाव्य स्रोत बजारमा प्रचारप्रसार गर्ने।)

(क) नेपालका महत्त्वपूर्ण जात्रा, उत्सव, महोत्सवहरूको वार्षिक पात्रो निर्माण गरिनेछ।

(ख) नेपाललाई उत्कृष्ट गन्तव्यको रूपमा प्रस्तुत गर्न प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिकलगायतका पर्यटकीय वस्तुको ब्रान्डिङ गरिनेछ।

(ग) व्यावसायिक पर्यटन (बैठक, सभा/सम्मेलन, प्रदर्शनी, प्रोत्साहन भ्रमण) का लागि नेपाल उत्कृष्ट गन्तव्य रहेको सन्देश अन्तर्राष्ट्रिय बजारमा प्रवाह गरिनेछ।

(घ) डिजिटल प्रविधि तथा कृत्रिम बौद्धिकता (AI) समेतको प्रयोग गरी नेपालको पर्यटकीय विशेषता झल्काउने श्रव्यदृश्य सामग्री बहुभाषामा प्रकाशन गर्नुका साथै विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्रसारण गरिनेछ।

(ङ) प्रदेश र अन्तरस्थानीय तहको साझेदारीमा पर्यटकीय वस्तुको संयुक्त रूपमा प्रचारप्रसार र सूचनाको आदानप्रदान गरिनेछ।

२.७.५. रणनीति २.६.५. सँग सम्बन्धित (पर्यटन प्रवर्धनमा निजी क्षेत्र, नेपालका विदेशस्थित कूटनीतिक नियोगका साथै गैरआवासीय नेपाली आबद्ध सङ्घसंस्थासँग सहकार्य गर्ने।)

(क) नेपालको पर्यटन प्रवर्धन गर्न विदेशस्थित नेपाली कूटनीतिक नियोग, अवैतनिक महावाणिज्यदूत एवं वाणिज्यदूतहरूसँग सहकार्य गरिनेछ।

(ख) विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपालीलाई पर्यटन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

(ग) विदेशस्थित विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपालीसँग रहेको पर्यटनसँग सम्बन्धित ज्ञान, सिप र प्रविधिको आदानप्रदान गरिनेछ।

(घ) गैरआवासीय नेपालीका परिवारलाई लक्षित गरी पुर्ख्यौली थातथलो भ्रमण गर्नको लागि विशेष अभियान सञ्चालन गरिनेछ।

(ङ) पर्यटन क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्धनका गतिविधिहरू सञ्चालन गरिनेछ।

२.७.६. रणनीति २.६.६. सँग सम्बन्धित (पर्यटन क्षेत्रका अन्तर्राष्ट्रिय सेवाप्रदायकसँग सहकार्य गर्ने।)

(क) पर्यटनसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घ-सङ्गठनसँग पर्यटन विकासका लागि समन्वय र सहकार्य गरिनेछ।

(ख) ख्यातिप्राप्त अन्तर्राष्ट्रिय ट्राभल्स तथा टुर्स सञ्चालक र चेन होटल लगायतका पर्यटन सेवाप्रदायकसँगको साझेदारी र सहकार्यमा नेपालका पर्यटकीय वस्तु हरूको प्रवर्धन गरिनेछ।

(ग) पर्यटन क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायकसँगको समन्वयमा मार्ट, मेला, प्रदर्शनी, गन्तव्य प्रवर्धनलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति विकासका लागि अन्तर्राष्ट्रिय पर्यटन सेवा प्रदायकसँग सहकार्य गरिनेछ।

(ङ) अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट पर्यटन सेवाको गुणस्तर प्रत्यायन (Accreditation) गराइनेछ।

२.७.७. रणनीति २.६.७. सँग सम्बन्धित (सरकार, निजी क्षेत्र, समुदाय र सरोकारवालाको समन्वय र सहकार्यमा आन्तरिक पर्यटन प्रवर्धन गर्ने।)

(क) प्रमुख आन्तरिक पर्यटकीय गन्तव्यको पहिचान गरी प्रचारप्रसार गरिनेछ।

(ख) यात्रा उत्प्रेरणा बिदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमण, बुढ्यौली पर्यटन, MICE (Meetings, Incentives, Conferences, and Exhibitions) Tourism जस्ता विशेष सहुलियतसहितका स्किमहरू कार्यान्वयनमा ल्याईनेछ।

(ग) आन्तरिक पर्यटकीय वस्तुको प्रवर्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

(घ) प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहन गरिनेछ ।

(ङ) स्थानीय कला, संस्कृति, शिल्पकला, हस्तकला र रैथाने खानपान प्रवर्धनका लागि मेला, महोत्सव, प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.८. रणनीति २.६.८. सँग सम्बन्धित **(गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने।)**

(क) विमानस्थल, सडक र पदमार्ग तथा केबलकारको विस्तार र स्तरोन्नति गरिनेछ।

(ख) सार्वजनिक र निजी क्षेत्रबाट पर्यटकीय स्थलमा निर्माण हुने पूर्वाधारको गुणस्तर र सुरक्षा मापदण्ड निर्धारण गरी सोको अनिवार्य पालना गर्ने व्यवस्था गरिनेछ।

(ग) नियमित यातायातका साधन उपलब्ध नहुने स्थानमा पर्यटकको तत्काल खोज तथा उद्धार गर्न पर्यटक सहायता केन्द्रको स्थापना गरिनेछ।

(घ) सम्भाव्यता र आवश्यकताको आधारमा आन्तरिक विमानस्थलहरूमा रात्रीकालीन उडान गरिनेछ।

(ङ) पदयात्राका लागि खुला भएका मार्गहरूको स्तरोन्नति गरिनुका साथै नयाँ तथा वैकल्पिक पदमार्गको पहिचान र विकास गरिनेछ।

२.७.९. **रणनीति २.६.९. सँग सम्बन्धित (पर्यटन सेवामा आन्तरिक र बाह्य पर्यटकको पहुँच अभिवृद्धि गर्ने।)**

(क) पर्यटकीय स्थलहरूको सुरक्षा व्यवस्था सुदृढ बनाइनेछ। पर्यटकीय स्थल पुग्ने यातायात पूर्वाधारको स्तरोन्नति गर्नुका साथै यातायातका साधनको सुरक्षा र स्तरवृद्धि गरिनेछ।

(ख) पर्यटक प्रहरीको प्रभावकारी परिचालन गरी चौबिसै घण्टा हेल्पलाइन सेवा सुरु गरिनेछ।

(ग) पदयात्रा अनुमति प्रणालीलाई सूचना प्रविधिमा आधारित एकद्वार प्रणालीमा आबद्ध गरिनेछ। निजी क्षेत्रले प्रदान गर्ने पर्यटकीय सेवामा पदयात्रालाई व्यवस्थित तवरले आबद्ध गरिनेछ।

(घ) संरक्षित क्षेत्र र निषेधित क्षेत्रको भ्रमण तथा पदयात्रालाई सहज बनाउन विद्यमान कानूनी व्यवस्थामा पुनरावलोकन गरिनेछ।

(ङ) पदमार्ग तथा ग्रामीण क्षेत्रका सम्भाव्य बस्तीमा घरबास (होमस्टे) सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

(च) स्थानीय तह र सम्बद्ध सङ्घसंस्थाको समन्वय र सहकार्यमा पदयात्रा मार्गमा आवश्यकतानुसारको सङ्केत चिन्ह व्यवस्थित गर्नुका साथै पदयात्रा मार्गको सुरक्षा र सरसफाइको व्यवस्था सुनिश्चित गरिनेछ।

(छ) पर्यटन सेवा क्षेत्रलाई प्रवर्धन गर्न कानूनबमोजिम आवश्यक छुट, सहुलियत, प्रोत्साहन तथा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२.७.१०. रणनीति २.६.१०. सँग सम्बन्धित (पर्यटन पूर्वाधार र सेवा विस्तारमा लगानी प्रवर्धन गर्ने।)

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरू निर्माण र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

(ख) राजधानी बाहिरका सम्भावित विमानस्थलहरूलाई क्षेत्रीय हबको रूपमा विकास गरी अन्तरदेशीय तथा अन्तरक्षेत्रीय हवाइ सेवा सञ्चालन गरिनेछ।

(ग) राजधानी बाहिरका अन्तर्राष्ट्रिय विमानस्थलहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

(घ) प्रदेश तथा स्थानीय तहमा खेल पर्यटन प्रवर्धन गर्न सार्वजनिक-निजी साझेदारीमा खेलकुद पूर्वाधारमा लगानी आकर्षित गरिनेछ।

२.७.११. रणनीति २.६.११. सँग सम्बन्धित (पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउने।)

(क) पर्यटकीय गन्तव्य स्थललाई वातावरणमैत्री बनाउदै पर्यटक तथा सेवाप्रदायकको आचारसंहिता बनाइ लागु गरिनेछ।

(ख) हरित अर्थतन्त्र तथा पर्यापर्यटनको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(ग) दुर्लभ र लोपोन्मुख पशुपन्क्षी रहेका स्थलहरूको पहिचान गरी खुला चिडियाखाना, बनस्पति उद्यान जस्ता विशिष्ट पारिस्थितिकीय प्रणालीको संरक्षण (in-situ conservation), संवर्धन र प्रदर्शनि स्थलको रूपमा विकास गरिनेछ।

(घ) सामाजिक, सांस्कृतिक र वातावरणीय मूल्यको संरक्षण र प्रवर्धन गर्न पर्यटकको सङ्ख्यात्मक भन्दा गुणात्मक वृद्धिमा प्राथमिकता दिइनेछ।

(ङ) वातावरणीय प्रदुषणको प्रभावलाई न्यूनीकरण गर्न जिम्मेवार पर्यटन (Responsible Tourism) लाई प्रोत्साहन गरिनेछ।

(च) पर्यटन क्षेत्र सम्बद्ध जलवायु अनुकूलनका लागि स्थानीय अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सम्बद्ध निकायसँग समन्वय गरिनेछ।

२.७.१२. रणनीति २.६.१२. सँग सम्बन्धित (विभिन्न पर्यटकीय गन्तव्यहरूमा हुने जोखिम न्यूनीकरण गर्ने।)

(क) जलवायु परिवर्तनबाट पर्यटकीय सम्पदामा पर्न सक्ने जोखिम र प्रभाव न्यूनीकरणका बारेमा व्यापक प्रचारप्रसार गरिनेछ।

(ख) स्थानीय तहसँगको समन्वयमा पर्यटकीय क्षेत्रमा वातावरण अनुकूलनका क्रियाकलाप सञ्चालन गरिनेछ।

(ग) पर्यटकहरूका साथमा जाने पथप्रदर्शक र सहयोगीलाई वातावरण संरक्षणसम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ।

(घ) निजी क्षेत्र तथा सरोकारवालासँगको सहकार्यमा पर्यटकीय क्षेत्रमा विपद् र महामारीको कारण आमसमुदायलाई हुने जोखिमबाट सुरक्षित राख्न जोखिम न्यूनीकरण तथा उद्धार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। पर्यटकको सुरक्षाको सुनिश्चितता गरिनेछ।

(ङ) पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा स्थानीय परम्परा, संस्कृति र जीवनशैलीको सम्मान तथा संरक्षण गर्नेतर्फ ध्यान दिइनेछ।

**२.७.१३. रणनीति २.६.१३. सँग सम्बन्धित (पर्यटनबाट प्राप्त लाभ समन्यायिक रूपमा वितरण गर्ने।)**

(क) संरक्षण क्षेत्र तथा राष्ट्रिय निकुञ्जलगायतका पर्यटकीय स्थानबाट सङ्कलित पर्यटन शुल्क/दस्तुरको निश्चित अंश वातावरण संरक्षणमा खर्च गर्नुपर्ने व्यवस्था मिलाउन पहल गरिनेछ।

(ख) पर्यटन क्षेत्रबाट प्राप्त लाभमा स्थानीय समुदायको समन्यायिक सहभागिताको व्यवस्था गरिनेछ।

(ग) पर्यटकीय गतिविधिमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्दै रोजगारी र आयआर्जनका कार्यक्रममा सहभागी गराइनेछ।

(घ) रैथाने कृषि अभ्यास, सांस्कृतिक क्रियाकलाप तथा परम्परागत प्रविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरिनेछ।

**२.७.१४. रणनीति २.६.१४. सँग सम्बन्धित (पर्यटन सेवाप्रवाह व्यवस्थापन प्रणालीलाई कुशल, प्रभावकारी र उत्तरदायी बनाउने।)**

(क) सम्बन्धित मन्त्रालय/निकायको समन्वयमा विदेशी पर्यटकले तिर्नुपर्ने सेवा शुल्क नेपाल राष्ट्र बैंकले तोकेका परिवर्त्य विदेशी मुद्रा वा नेपाली मुद्रामा लिने व्यवस्थाका साथै अनलाइन प्रणालीबाट समेत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ।

(ख) पर्यटन क्षेत्रको अध्ययन, अनुसन्धान एवं तथ्याङ्क तथा सूचना अद्यावधिक गरिनेछ। पर्यटनसँग सम्बन्धित समग्र तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न Tourism Satellite Account तयार गरिनेछ।

(ग) पर्यटक आवागमनलाई सहज बनाउन भिषा प्रक्रियालाई सरलीकरण गर्ने र अनलाइन भिषा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

**२.७.१५. रणनीति २.६.१५. सँग सम्बन्धित (पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गर्ने।)**

(क) स्थलमार्गबाट नेपाल भित्रिने पर्यटकहरूको आवागमन सहजीकरणका लागि प्रदेशसँगको सहकार्यमा मुख्य नाकाहरूमा एकीकृत पर्यटन सेवा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

(ख) पर्यटन व्यवसायको दर्ता, नवीकरण, खारेजीजस्ता प्रशासनिक सेवाको वर्गीकरण गरी प्रदेश तथा स्थानीय तहसँग समन्वय एवं सहकार्य गरिनेछ।

(ग) पर्यटकका लागि उपलब्ध गराइने सेवा सुविधालाई गुणस्तरीय बनाउन सम्बन्धित मन्त्रालय, प्रदेश सरकार एवं स्थानीय तहसँग समन्वय गरिनेछ।

(घ) नेपालमा आयोजना हुने अन्तर्राष्ट्रिय खेलकुदमा भाग लिने खेलाडी तथा चलचित्रमा अभिनय गर्ने कलाकारका लागि भिषा शुल्क नलाग्ने व्यवस्था गरिनेछ।

**२.७.१६. रणनीति २.६.१६. सँग सम्बन्धित (पर्यटन सेवा प्रवाह गर्ने सरकारी निकाय तथा निजी क्षेत्रका सेवाप्रदायकको संस्थागत क्षमता विकास गर्ने।)**

(क) सार्वजनिक तथा निजी क्षेत्रका पर्यटन सेवामा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) पर्यटकीय वस्तु र सेवाको गुणस्तरीयता कायम गर्न तथा जनशक्तिको विकास गर्न सम्बद्ध विज्ञ तथा जानकारहरूलाई परिचालन गरिनेछ।

(ग) ग्रामीण र दुर्गम क्षेत्रमा पर्यटन प्रवर्धन गर्न स्थानीय समुदायको क्षमता विकास गरिनेछ।

(घ) पर्यटनसम्बन्धी सम्पूर्ण सूचना सहज रूपमा उपलब्ध गराउन एकीकृत विद्युतीय प्रणालीको विकास गरी सञ्चालनमा ल्याइनेछ।

(ङ) सार्वजनिक निकायबाट प्रदान गरिने पर्यटन सेवालाई विद्युतीय माध्यमबाट प्रदान गरिने व्यवस्था मिलाइनेछ।

(च) पर्यटन प्रशासनसम्बन्धी सेवाप्रवाहको मापदण्ड निर्धारण गरी प्रक्रियागत सरलीकरण गरिनेछ।

(छ) सम्बन्धित मन्त्रालय/निकायको समन्वयमा विद्यालय तथा उच्चशिक्षाको पाठ्यक्रममा आन्तरिक पर्यटनसम्बन्धी विषय समावेश गरिनेछ। विद्यालय तथा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक पर्यटकको रूपमा आन्तरिक भ्रमण गराउन प्रोत्साहन गरिनेछ।

(ज) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान (NMA) लाई पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने उत्कृष्ट संस्थाको रूपमा विकास गरिनेछ।

(झ) तथ्याङ्कको अद्यावधिक अभिलेख प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाइनेछ। स्थलमार्गबाट प्रवेश गर्ने पर्यटकको तथ्याङ्कलाई एकीकृत रूपमा Ce-TMIS मा आबद्ध गरिनेछ।

**२.७.१७. रणनीति २.६.१७. सँग सम्बन्धित (सङ्घ, प्रदेश र स्थानीय तहका नीति, कानून तथा योजनाहरूमा पर्यटन क्षेत्रलाई प्राथमिकता दिने।)**

(क) पर्यटन उद्योगलाई अन्य प्राथमिकता प्राप्त उद्योगसरह सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(ख) क्षेत्रगत नीति तथा कानूनमा पर्यटन क्षेत्रको विकासलाई आन्तरिकीकरण गरिनेछ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा पर्यटन रणनीतिक योजना तयार गरी लागु गरिनेछ।

(घ) पर्यटन क्षेत्रको अन्य क्षेत्रसँगको अग्र, पृष्ठ तथा समानान्तर सहसम्बन्ध कायम गरिनेछ।

२.७.१८. रणनीति २.६.१८. सँग सम्बन्धित **(पर्यटन क्षेत्रमा** प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने।)

(क) फन पार्क, मनोरञ्जन क्षेत्र, टाकुरा/थुम्का (Hill spots) जस्ता पर्यटकीय वस्तुहरूको विकासमा निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

(ख) पर्यटन व्यवसायलाई विविधीकरण गरी कृषि पर्यटन, ग्रामीण पर्यटन, खेल पर्यटन, आरोग्य पर्यटन जस्ता पर्यटकीय गतिविधिको विस्तार गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

(ग) नव प्रवर्तनमा आधारित पर्यटन क्षेत्रमा युवा व्यवसायी आकर्षण गर्न सुरुवाती पुँजी (Start-Up Capital) मार्फत स्वरोजगारी सिर्जनामा जोड दिइनेछ।

(घ) रैथाने सिप प्रोत्साहन तथा प्रवर्धनमार्फत स्थानीय रोजगारी अभिवृद्धि गरिनेछ।

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१. संस्थागत व्यवस्था

#### ३.१.१. राष्ट्रिय पर्यटन परिषद्

(क) यस नीतिको कार्यान्वयनका लागि मार्गदर्शन गर्न, अन्तरनिकाय तथा अन्तरतह समन्वय गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा अनुसूची १ बमोजिमको राष्ट्रिय पर्यटन परिषद् गठन हुनेछ। समितिको बैठक वर्षमा कम्तीमा एक पटक बस्ने र समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ। समितिले बैठकमा आवश्यकतानुसार सरोकारवाला निकायलाई आमन्त्रण गर्न र खास उद्देश्यको लागि विषयगत उपसमिति गठन गर्न सक्नेछ।

(ख) राष्ट्रियस्तरमा पर्यटन प्रशासन गर्ने निकायको रूपमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय रहनेछ। पर्यटन प्रशासनसम्बन्धी कार्यमा मन्त्रालय मातहत रहेका विभाग, बोर्ड, प्राधिकरणले आवश्यक सहयोग गर्नेछन्। यी निकायहरूबाट पर्यटनसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा तथा समन्वयलगायतका कार्यसम्पादन हुनेछन्।

### ३.२. कानूनी व्यवस्था

(क) पर्यटन क्षेत्रका नीतिगत र कानुनी व्यवस्थामा समयसापेक्ष सुधार गरिनेछ।

(ख) पर्यटन क्षेत्रका नीति तथा कानून र विषय क्षेत्रगत नीति तथा कानूनबिच सामञ्जस्य कायम गरिनेछ।

(ग) यस नीति कार्यान्वयनका लागि आवश्यकतानुसार पर्यटनसँग सम्बन्धित विषयगत कानूनहरूको समीक्षा गरी त्यस्ता कानूनमा संशोधन, परिमार्जन तथा नयाँ कानून निर्माणको पहल गरिनेछ।

## ३.३. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनका लागि नेपाल सरकारले आन्तरिक स्रोतका साथै आवश्यकतानुसार वैदेशिक स्रोत परिचालन गर्नेछ। पर्यटन पूर्वाधार निर्माण तथा सेवा वितरणमा विदेशी लगानी आकर्षित गरिनेछ। पर्यटकीय पूर्वाधार र सेवाको विकास तथा विस्तार कार्यको लागि निजी लगानी प्रोत्साहित गरिनेछ। यस्तो लगानीलाई ग्रामीण तथा दुर्गम क्षेत्रमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ। सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत लगानी प्रोत्साहन गरिनेछ। प्राथमिकता र आवश्यकताका आधारमा प्रदेश सरकार र स्थानीय तहका साथै सहकारी र सामुदायिक क्षेत्रबाट समेत लगानी परिचालन हुने व्यवस्था मिलाईनेछ।

निजी क्षेत्रलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत पर्यटकीय क्षेत्रको वातावरण संरक्षण र जनशक्ति विकासमा योगदान गर्न प्रोत्साहित गरिनेछ।

## ३.४. नीति समन्वय र सामञ्जस्यता

पर्यटन क्षेत्रसँग सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूसँग नीति निर्माणका विभिन्न चरणमा समन्वय गरी प्राप्त राय सुझावलाई समावेश गरिएको छ। साथै, तत् तत् निकायका पर्यटन क्षेत्रसँग सम्बन्धित नीतिका प्रावधानसँग सामञ्जस्यता कायम गरिएको छ।

नीति कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछन्:

(क) सङ्घीय तहले पर्यटनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन; पर्यटनसम्बन्धी विषयको अध्ययन र अनुसन्धान; पर्यटन दस्तुरसम्बन्धी नीति; पर्यटनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय; पर्यटन प्रशासन र अन्तर्गतका सङ्घसंस्थाको नियमन र समन्वय; राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा पर्यटन विकास र प्रवर्धन; राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पर्यटकीय पूर्वाधारको निर्माण, सञ्चालन र निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ।

(ख) प्रदेश तहले सङ्घीय नीति अनुकूल पर्यटनसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन; पर्यटन प्रशासन र पर्यटकीय सङ्घसंस्थाको नियमन र समन्वय; प्रादेशिकस्तरमा पर्यटन विकास र प्रवर्धन; पर्यटनसम्बन्धी प्रदेशस्तरीय पूर्वाधारको निर्माण र सञ्चालन; प्रदेशस्तरीय पर्यटकीय कार्यक्रम सञ्चालन र व्यवस्थापन; प्रदेशस्तरमा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ। प्रादेशिक पर्यटकीय वस्तु तथा गन्तव्य, पूर्वाधार र सेवाप्रवाहमा प्रदेशलाई जिम्मेवार बनाइनेछ।

(ग) स्थानीय तहले सङ्घीय र प्रदेशको नीति अनुकूल स्थानीयस्तरमा पर्यटन पूर्वाधार निर्माण, सञ्चालन तथा विकास; पर्यटन प्रशासन तथा स्थानीयस्तरका पर्यटकीय सङ्घसंस्थाको नियमन र समन्वय; पर्यटन विकास र प्रवर्धन; स्थानीयस्तरमा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्नेछ। स्थानीय तहको अधिकारक्षेत्रभित्रको विषय

पर्यटन शुल्क, स्थानीय पर्यटकीय वस्तु तथा पूर्वाधारको पहिचान र विकासमा स्थानीय तहलाई जिम्मेवार बनाइनेछ।

यस नीतिको कार्यान्वयनको लागि तीनै तहका सरकारले अन्तरतह समन्वय कायम गर्नेछन्। अनुसूची १ बमोजिम गठित परिषद्ले नीतिगत समन्वय र सामञ्जस्यता कायम गर्नेछ।

## ३.५. जोखिम पहिचान र व्यवस्थापन

### ३.५.१. सम्भावित जोखिम

पर्यटन क्षेत्रको विकासका लागि आवश्यक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा प्रभावको न्यूनीकरण, विभिन्न प्राकृतिक विपद् तथा महामारीको व्यवस्थापन, प्रविधिगत प्रणालीको दिगो सञ्चालन, प्रभावकारी अन्तरतह तथा अन्तरनिकाय समन्वय जस्ता विषयहरू सम्भावित जोखिमको रूपमा रहेका छन्।

### ३.५.२. जोखिम व्यवस्थापन

स्रोत परिचालनका लागि सार्वजनिक-निजी साझेदारी प्रोत्साहन, जलवायु अनुकूलनका लागि स्थानीय अनुकूलन योजना तर्जुमा गरी सरोकारवालासँगको समन्वयमा कार्यान्वयन गर्ने; विपद् पूर्व सूचना प्रणाली, जलवायु वित्त तथा न्याय एवं नवीनतम प्रविधि र विद्युतीय सुरक्षाको अवलम्बन गरी जोखिम व्यवस्थापन गरिनेछ।

## ३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

संस्कृति, पर्यटन तथा नागरिक मन्त्रालयले यस नीति कार्यान्वयनको सूचक तयार गरी अनुगमन गर्नेछ। अनुगमनको क्रममा राष्ट्रिय योजना आयोगबाट तयार गरिएको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई समेत आधारको रूपमा लिइनेछ। मन्त्रालयले नीति कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिक गर्नेछ। प्रदेश र स्थानीय तहको सहभागितामा वार्षिक रूपमा नीति कार्यान्वयनको समीक्षा मन्त्रालयले गर्नेछ।

मन्त्रालयले यस नीति कार्यान्वयनको पाँच वर्षपछि पृष्ठपोषणका आधारमा कार्यान्वयनको सम्बन्धमा पुनरावलोकन गर्नेछ। नीति पुनरावलोकन समेतका आधारमा मन्त्रालयले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानसँग समन्वय गरी नयाँ नीतिको आवश्यकताको सम्बन्धमा यकिन गर्नेछ।

## ३.७. नीति कार्यान्वयन कार्ययोजना

यस नीतिमा उल्लिखित कार्यनीतिहरू कार्यान्वयनका लागि अनुसूची-२ बमोजिमको नीति कार्यान्वयन कार्ययोजना रहनेछ।

## ३.८. खारेजी र बचाउ

पर्यटन नीति, २०६५ खारेज गरिएको छ। पर्यटन नीति, २०६५ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीतिबमोजिम भए गरेको मानिनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार

## अनुसूची -१: राष्ट्रिय पर्यटन परिषद्

(खण्ड ३.१.१ को (क) सँग सम्वन्धित)

(१) मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – अध्यक्ष

(२) मन्त्री, पर्यटन क्षेत्र हेर्ने, प्रदेश मन्त्रालय सबै – सदस्य

(३) सदस्य, राष्ट्रिय योजना आयोग (पर्यटन हेर्ने) – सदस्य

(४) सचिव, अर्थ मन्त्रालय – सदस्य

(५) सचिव, गृह मन्त्रालय – सदस्य

(६) सचिव, परराष्ट्र मन्त्रालय – सदस्य

(७) सचिव, वन तथा वातावरण मन्त्रालय – सदस्य

(८) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – सदस्य

(९) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सदस्य

(१०) सचिव, शहरी विकास मन्त्रालय – सदस्य

(११) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – सदस्य

(१२) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य

(१३) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ - सदस्य

(१४) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल - सदस्य

(१५) महानिर्देशक, पर्यटन विभाग – सदस्य

(१६) महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण – सदस्य

(१७) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड – सदस्य

(१८) महाप्रबन्धक, नेपाल वायु सेवा निगम – सदस्य

(१९) अध्यक्ष, NATTA (Nepal Association of Tour and Travel Agents) – सदस्य

(२०) अध्यक्ष, होटेल सङ्घ नेपाल – सदस्य

(२१) अध्यक्ष, नेपाल पर्वतारोहण सङ्घ – सदस्य

(२२) अध्यक्ष, Pacific Asia Travel Association (PATA) Nepal Chapter –सदस्य

(२३) अध्यक्ष, NARA (Nepal Association of Rafting Agencies) –सदस्य

(२४) अध्यक्ष, TAAN (Trekking Agencies' Association of Nepal) – सदस्य

(२५) अध्यक्ष, BARN (|Board of Airlines Representative in Nepal) –सदस्य

(२६) अध्यक्ष AoAN (Airlines Operator Association Nepal) –सदस्य

(२७) सहसचिव, पर्यटन महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य सचिव

## अनुसूची-२: नीति कार्यान्वयन कार्ययोजना
(खण्ड ३.७ सँग सम्वन्धित)

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय पर्यटन परिषद्को बैठक बस्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्ड | ३ महिना | पहिलो बैठक बसेको हुने। |
| २. | पर्यटन सम्बद्ध निकायमा नीतिको सञ्चार गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्ड | ३ महिना | सरोकारवालालाई नीतिको जानकारी भएको हुने। |
| ३. | स्थानीयस्तरमा उपलब्ध पर्यटकीय सम्भाव्यताका वस्तु तथा सेवाका बारेमा खोज, अध्ययन तथा अनुसन्धान गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन क्षेत्र हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह, नेपाल पर्यटन बोर्ड | निरन्तर | नयाँ नयाँ पर्यटकीय वस्तु (Tourism Product) को पहिचान र विवरण तयार भएको हुने। |
| ४. | मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको खोज, अन्वेषण तथा संरक्षण गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय;<br>पुरातत्व विभाग | प्रज्ञा प्रतिष्ठानहरू, राष्ट्रिय अभिलेखालय,<br>सङ्ग्रहालयहरू | निरन्तर | मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको खोज, अन्वेषण तथा संरक्षण भएको हुने। |
| ५. | सम्भावित र उदीयमान पर्यटकीय क्षेत्रको वैज्ञानिक तथा अन्य खोजमूलक अध्ययनअनुसन्धानका लागि अन्तर्राष्ट्रिय अनुसन्धानकर्तालाई समेत प्रोत्साहन गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; नेपाल पर्यटन बोर्ड | United Nations World Tourism Organisation, South Asia Subrigional Economic Co-operation (SASEC), Development Partners | २ वर्ष | अध्ययनअनुसन्धानको नतिजाबाट पर्यटन प्रवर्धनमा सहयोग पुग्ने। |
| ६. | पर्यटन क्षेत्रको अध्ययनअनुसन्धान तथा विकासका लागि स्वदेश तथा विदेशका विश्वविद्यालय र | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; नेपाल पर्यटन बोर्ड | विश्वविद्यालयहरू, अनुसन्धान संस्थाहरू | २ वर्ष | अध्ययनअनुसन्धानको नतिजाबाट पर्यटन |

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | अनुसन्धान केन्द्रहरूसँग सहकार्य गर्ने। | | | | प्रवर्धनमा सहयोग पुग्ने। |
| ७. | प्रमुख पर्यटकीय गन्तव्यको वर्गीकरणसहितको वस्तुगत विवरण (Profile) तयार गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्ड | १ वर्ष | यथार्थपरक वस्तुगत विवरण (Profile) तयार भएको हुने। |
